# बेलबारी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### बेलबारी, मोरङ्ग

## 4WD JEEP खरिद कार्यको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/०७/०९**

सूचना नं. ०४/०७५/०७६

यस कार्यालयको प्रयोजनको लागि सवारी साधन आवश्यक भएकोले सो खरिद कार्य सिलबन्दी बोलपत्रद्धारा खरिद गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त उत्पादक कम्पनी/अधिकृत बिक्रेताबाट निम्न शर्तहरूको अधिनमा रही रीतपूर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ।

**शर्तहरू**

१) बोलपत्र फारम सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र चालु आ.व. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर र मु.अ. कर दर्ता तथा आ.व.२०७४/०७५ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरू संलग्न राखी लिखित निवेदनका साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्र दाताले यस कार्यालयबाट मिति २०७५ मंसिर ०८ गते कार्यालय समय सम्म बोलपत्र कागजात खरिद गर्न सकिनेछ।

२) खरिद भएको बोलपत्र फाराम सिलबन्दी गरी खाम बाहिर आफनो फर्मको नाम, ठेगाना, ठेक्का नं र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी यस कार्यालयमा मिति २०७५ मंसिर ०९ गते दिनको १२ बजे भित्र दर्ता गरी सक्नुपर्नेछ।

३) खरिद भएको बोलपत्र प्रथम पटक प्रकाशित मितिले मिति २०७५ मंसिर ०९ गते ३:०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाताहरू वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४) बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगते कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ।

५) तपशिलमा उल्लेखित धरौटी बापतको रकम बेलबारी नगरपालिका नगरकार्यपालिकाको कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैंक बेलबारी शाखा रहेको धरौटी खाता नं २४३०३०३००७१०३ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त क वर्ग को कुनै पनि वाणिज्य बैंकबाट जारी गरिएको कम्तिमा १२० दिन सम्म मान्य भएको बोलपत्र जमानत पेश गर्नु पर्नेछ।

६) म्याद नाघि आएको रीत नपुगेको वा शर्त राखि पेश भएको बोलपत्र मान्य हुने छैन।

७) बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ। सो दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ।

**८) यस कार्यालयको हितलाई ध्यानमा राखि बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।**

९) बोलपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको ३ प्रतिशतले हुन आउने रकम बराबरको नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तीमा १ वर्ष म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कार्य जमानत पत्र (परफरमेन्स बण्ड) सम्झौता गर्नु अघि पेश गर्नुपर्नेछ।

१०) बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

११) यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ।

१२) बोलपत्र स्वीकृत भई सम्झौता भए पछि यस कार्यालयमा सवारी साधन सम्झौता गरेको १५ दिन भित्र उपलब्ध गराउनु पर्ने छ। स्वीकृत फर्म वा सप्लायर्सले म्याद भित्र सवारी साधन उपलब्ध नगराएमा धरौटी जफत गरी कार्यालयबाट अर्को व्यवस्था मिलाइने छ।

१३) बोलपत्र दाताले नेपाल सरकारको कानून बमोजिम लाग्ने कर भन्सार शुल्क स्वयंले तिर्नु पर्नेछ। यस कार्यालयबाट कर छुटको लागि कुनै सिफारिस गर्ने छैन।

१४) खरिद गर्ने सामग्रीको टेक्निकल स्पेशिफिकेशन विवरण बोलपत्र सम्बन्धी कागजातमा भए बमोजिमको हुनेछ। थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

१५) शिलबन्दी बोलपत्रको कामको विवरण निम्न अनुसार छ।

| ठेक्का नं | कामको विवरण (खरिद गर्ने सामाग्री) | आवश्यक संख्या | धरौटी रकम रु. | बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) रु | ल.इ रकम (मु.अ.कर बाहेक) रु. |
|---|---|---|---|---|---|
| **NCB/MOR /G/ 07-075/076** | **4WD JEEP** | १ थान | ३ प्रतिशत | ३०००।० | ६२,८३,१८५।८४ |

***प्रमुख प्रशासकिय अधिकृत***

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, मुद्रक : नयाँ प्रेस प्रा.लि., बाँसबारी, विराटनगर। अध्यक्ष, प्रबन्ध निर्देशक …